# इष्ट उच्च माध्यमिक

## विद्यालयको प्रतिज्ञा

### विद्यालय प्रतिबद्धताः

इष्ट उच्च माध्यमिक विद्यालयले सबै विद्यार्थीहरूका लागि राम्रो र उचित पढ्ने वातावरण प्रदान गर्नेछ । विद्यालय समुदायले विद्यार्थी एजेन्सि, लोकतान्त्रिक सहभागिता, सांस्कृतिक सान्दर्भिकता, विषयवस्तुको गहनता, अंतविषय कार्य, चरित्र विकास, नेतृत्व र नवीनताका लागि अवसर, सिकाईको व्यक्तिकरण, र सामाजिक न्यायलाई बढावा दिनेछ । रोचेस्टर विश्वविद्यालयसँगको हाम्रो साझेदारीले शिक्षण कार्यक्रमलाई बाटो देखाउने छ र रोचेस्टर सिटि स्कूल डिस्ट्रिक्टका उच्च क्षमतावान शिक्षकबाट पढाइनेछ । इष्ट उच्च मा.वि. का कर्मचारीले विद्यार्थीलाई चौतर्फि सोच्न चुनौती दिनेछन्, अभ्यासद्वारा सिक्ने अवसर प्रदान गर्नेछन्, र हाम्रो समुदायमा विद्यार्थीलाई नेता र नविनतम सोच्ने व्यक्ति बन्न प्रोत्साहन गर्नेछन् । विद्यालय नेतृत्वले अन्तविषय शिक्षण निर्देशनमा ध्यान दिनेछ, राम्रो स्तरको प्रवर्धन, र समुदायमा सिकारूलाई बढावा दिने काम गर्नेछ । हामीले विद्यार्थीको सफलताका लागि हाम्रो परिवार र समुदायसँग राम्रो, सम्मानजनक सम्बन्ध निर्माण गरेर त्यसलाई अपनाउनेछौं । इष्ट उच्च माध्यमिक विद्यालय उच्च आशा भएको समुदाय हो जहाँ शिक्षकले उदारहणद्वारा नेतृत्व गर्छन् ।

### पारिवारिक प्रतिबद्धताः

मैले सधै विद्यार्थीलाई पढ्न तयार गरेर समयमै विद्यालय पठाउनेछु । राम्रो शिक्षाको लागि मैले विद्यार्थीलाई आवश्यक पर्ने सबै किसिमका भावनात्मक समर्थन प्रदान गर्नेछु । मैले मेरो विद्यार्थीले भोग्ने समस्याहरू सुन्नेछु र उनीहरूको उपलब्धिहरूमा रमाउनेछु । प्रत्येक दिन मेरो विद्यार्थीको गृहकार्यबारे छलफल गर्नेछु र विद्यार्थीले नेतृत्व गरेको परिवार-शिक्षक सभामा भाग लिनेछु । मेरो विद्यार्थीले सहि रूपमा विद्यालयको कपडा लगाएको र सबै गृहकार्य समयमै पुरा गरेको साथसाथै र अरू विद्यार्थीहरूसँग सहयोगात्मकरू रूपमा काम गर्न प्रोत्साहित गर्नेछु । मेरो विद्यार्थीको म रोल मोडल हुनेछु र विद्यार्थीको पढाइमा एउटा साथी बन्नेछु । इष्ट उच्च माध्यमिक विद्यालय मेरो र मेरो विद्यार्थीको विद्यालय हुनेछ । म विद्यालयको कार्यक्रममा सहभागि हुनेछु, विद्यालय समुदायको हिस्सा हुनेछु र विद्यालयको उत्सवमा सहभागि हुनेछु । इष्ट हाइ समुदायको सदस्यको रूपमा मलाई, मेरो विद्यार्थी र हाम्रो विद्यालयबाट ठूलो आशा छ ।

### विद्यार्थीको प्रतिबद्धताः

म विद्यालय उत्प्रेरित र नयाँ कुरा सिक्न तयार भएर आउनेछु । सफलताको उच्च स्तर प्राप्त गर्नको लागि दिर्घकालिन लक्ष्यहरू बनाउनेछु । मेरो शरीर स्फुर्त र स्वस्थ राख्न को लागि उचित निन्द्रा र स्वस्थ खाना खानेछु । प्रत्येक रात मैले सबै गृहकार्य सिद्याउनेछु । कक्षामा पूर्ण रूपमा सहभागिता जनाउनेछु, उचित प्रश्नहरू शिक्षक र मेरा साथीहरूलाई सोध्नेछु, र प्रेरक शैक्षिक कार्यक्रममा भाग लिनेछु । विद्यालय र समुदायमा म एउटा राम्रो नागरिक हुनेछु । मैले अरूलाई सहयोग गर्नेछु र मेरा साथीहरू, शिक्षक र अन्य वयस्क मान्छेलाई जहिलेपनि सम्मान गर्नेछु । समस्याहरूको शान्त, फलदायी रूपमा समाधान गर्नेछु र द्वान्द हुन नदिन सक्रिय रूपमा कदम चाल्नेछु । सहकारी समूहमा काम गर्ने समुदायको म एक हिस्सा हुनेछु, र उच्च शैक्षिक र सामुदायिक स्तरमा बनाउनेछु । म समुदायको आवश्यकताबारेमा जानकार रहनेछु र प्रजातान्त्रिक अभ्यास र सामाजिक न्यायको बढावा गर्नेछु । एक नेता, एक नविनतम सोच भएको व्यक्ति हुन प्रयास गर्नेछु र भविष्यको लागि आशा राख्नेछु ।

EAST
IN PARTNERSHIP WITH THE
UNIVERSITY OF ROCHESTER

| | |
|---|---|
| विद्यालय प्रतिनिधिको हस्ताक्षर | मिति |
| पारिवारिक सदस्यको हस्ताक्षर | मिति |
| विद्यार्थीको हस्ताक्षर | मिति |